## सालकको संरक्षण किन गर्ने ?

यदि सालक लोप हुने हो भने यासले पारिस्थितिकी प्रणालीको सन्तुलनमा अपूरणीय क्षति पुर्याउछ। सालकले एक दिनमा करिब १४०-२०० ग्राम सम्म कमिला र धमिरा खाएर यी किराहरु नियन्त्रणमा राखेर कृषिबाली जोगाई र माटो खनेर माटो खुकुलो बनाई किसानको जिविकोपार्जनमा महत्वपूर्ण भूमिका खेल्ने भएका कारण यसलाई 'किसानको साथी' को उपमा पनि दिईएको छ।सालक पाइने वनक्षेत्रमा रहेका अन्य पर्यटकीय सम्भावनाहरू समेत लाई प्राथमिकता दिदैं सालक सम्बन्धित भएर पर्यापर्यटनको प्रवर्द्धन गरी स्थानीय स्तरमा रोजगारी सृजना गरी आर्थिक लाभ प्राप्त गर्न सकिन्छ ।

## सालकको संरक्षण कसरी गर्ने ?

सालक संरक्षण कार्ययोजनाले सालक संरक्षणकोलागि विभिन्न अवसरहरू औल्याएको छ जस्तै नेपालमा सालकको लागि उपयुक्त वासस्थान पर्याप्त छ।विभिन्न स्तरमा सचेतनाको विकास समेत अभिवृद्धि हुदै गईरहेको छ। सालक संरक्षणका लागि आवश्यक नीति र कानुनी व्यवस्थाहरु अनुकुल छन्।यसै गरी समुदाय स्तरमा पनि संरक्षणमा सहकार्यका लागि सक्रियता बढ्दो रहेको छ।यद्यपि सचेतना अभिवृद्धि अझै गर्नपर्ने आवश्यक छ किनभने लहैलहै र अन्धविश्वासको कारण सालकहरू मारिएका छन्।चोरीशिकार नियन्त्रण, जनचेतना अभिवृद्धि, एवम् वासस्थान संरक्षणका निम्ति सबै निकाय र जनसमुदायको सहकार्यको निरन्तरता सालक संरक्षणको कार्यलाई दिगो अभियान बनाउने एकमात्र उपाय हो।



## डिभिजन वन कार्यालय, दोलखाद्वारा सालक संरक्षणका प्रयासहरू

दोलखा जिल्लाको भौगोलिक एवम् जैविक विविधताले गर्दा सालकको लागि महत्वपुर्ण बासस्थान हो। यद्यपी जनचेतनाको अभावमा विभिन्न समयमा मानिसले सालक मारी अवैध ओसारपसार गर्दा समातिएर कानूनी कारवाहीमा परेको कुरा मध्यनजर गर्दै सालक संरक्षणमा जनचेतनाको महत्वपूर्ण भूमिका रहेकोले विभिन्न स्तरमा जनचेतना जगाउने कार्यहरु डिभिजन वन कार्यालयबाट भएको छ ।

डिभिजन वन कार्यालय, दोलखाको यस आर्थिक वर्ष २०८०/८१को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत सालकको वासस्थान संरक्षणका निम्ति मेलुङ गाउँपालिकामा रहेका दुईवटा सामुदायिक वनमा तीन किलोमिटर अग्निरेखा निर्माणको कार्य गरिएको छ ।यसका साथै जनसमुदायमा सालक संरक्षण बारे चेतना फैलाउन ब्रोसर छपाइ र होर्डिंग बोर्ड राख्ने कार्य भएको छ ।सालक संरक्षणको क्षेत्रमा क्रियाशील निकायहरू बिच समन्वय बैठक, विभिन्न स्तरका कर्मचारीको क्षमता अभिवृद्धि तालिम, सालक पाइने सामुदायिक वनका उपभोक्ताहरू बिच चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरी सालक संरक्षणमा सबैको सक्रियता बढाउने काम गरिएको छ ।

विद्यालयका विद्यार्थीहरू, सामुदायिक वन उपभोक्ता समुहहरु, कबुलियती वन समूहहरू, स्थानीय युवा क्लबहरू तथा अन्य सरोकारवालाहरूको सहभागितामा सालक संरक्षण, सालकको वासस्थान संरक्षण, सालक चोरी शिकारी नियन्त्रण, वातावरण संरक्षण गर्न सामुदायिक वन उपभोक्ता समूहहरूको कार्ययोजनामा समेत उल्लेख गरी संरक्षण कार्यहरू संचालन गरीएको छ ।

**सालक संरक्षणमा सबैले हातेमालो गरौं**


**थप जानकारीको लागि सम्पर्क:**

डिभिजन वन कार्यालय, दोलखा

फोन नं. ०४९-४२११३५

E-mail: doldfo.mofe@bagamati.gov.np


# सालक

## (Pangolin)

## आ.व. २०८०/०८१






बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

**डिभिजन वन कार्यालय, दोलखा**

चरिकोट

# सालक (Pangolin)

Kingdom: Animalia
Phylum: Chordata
Class: Mammalia
Order: Pholidota
Family: Manidae
Genus: *Manis*
Species: *pentadactyla*



स्थानीय नामः कालो सालक

## संक्षिप्त परिचय

सालक एक लजालु स्तनधारी वन्यजन्तु हो। यसलाई अंग्रेजीमा Pangolin भनिन्छ।यसको शरीरको बाहिरी भागमा खपटाहरूले ढाकिएको हुन्छ। विश्वमा ८ प्रजातीका सालक पाइन्छन्। एसियामा पाइने ४ प्रजातिमध्ये नेपालमा २ प्रजातिः कालो सालक (Chinese Pangolin- *Manis pentadactyla*) र तामे सालक (Indian Pangolin- *Manis crassicaudata*) पाइन्छ। कत्ला जस्तै खपटा भएकाले स्थानीय भाषामा सालकलाई सालमाछा, साल मछरी, पाखेमाछो पनि भनिन्छ।सालक प्रायः राती एक्लै आहार खोज्दै हिँड्ने प्राणी हो तर कुनै कुनै सालक बिहान सबेरै र बेलुका पनि बढी सक्रिय हुन्छन्। कमिला र धमिरा सालकका मुख्य आहारा हुन्। प्रायः जमिनमै दुलो बनाएर बस्ने सालकले रुख चढ्न र पौडी खेल्न पनि सक्छ। यसले नङ्ग्राको सहायताले माटो खोस्रीन्छ र दुलो बनाएर आहारको खोजी र आफु बस्नको लागि सुरक्षित ठाउँ बनाउँछ।

सालक अफ्रीका र एसिया गरी दुई महादेशमा पाइन्छ।त्यसैले सालकहरु विभीन्न प्रकारका बासस्थानमा पाइन्छन्। नेपालको ६१ जिल्लामा पाइने सालक तराई देखि मध्य-पहाडका वनमा पाइन्छन्। सालको वन र धमिराको गोला पर्याप्त रहेको ठाउँमा पाइने भएकाले यसलाई स्थानीय भाषामा सालमाछा पनि भनिएको हो।यो पहारिलो घाम, पर्याप्त खाना, पानीको मुहान र खुल्ला क्षेत्र, खेतीपाती गरिएको क्षेत्र, मानिसको वस्ती नजिक पनि देख्न सकिन्छ।

सालकको सुन्ने र देख्ने शक्ति कम भएपनि कुनै कुरालाई राम्ररी सुँघेर पत्ता लगाउन सक्छ। सालकको मुखमा दाँत हुँदैन। लामो जिब्रोको सहायताले यसले धमिरा र कमिलाको गुडबाट सजिलै आफ्नो आहारा खान्छ। सालकले एकपल्टमा करिब ६ महिनाको गर्भधारणपछि एकवटै बच्चा जन्माउछ। सालकले ३-४ महिनासम्म आफ्नो बच्चालाई पुच्छर माथि राखेर हिड्छ र कुनै खतरा महसुस गरे डल्लो परेर गुडुल्किन्छ।

## संरक्षण चुनौती

सालक मानववस्ती संगै जोडिएका वा मानवीय क्रियालाकलाप अधिक भएको क्षेत्रमा पाइने भएकाले यसको वासस्थानमा परिवर्तन र चोरीशिकारको खतरा पनि अत्याधिक हुने गरेको छ । बढ्दो वासस्थान विनाश र अत्याधिक चोरीशिकारी र अवैध व्यापारले गर्दा सालकका प्रजाति जनसंख्याको हिसाबले कालो सालक IUCN Red List of Threatened Species को अतिसंकटापन्न(Critically Endangered) र तामे सालक सोहि सुचीको संकटापन्न (Endangered) सूचीमा पर्दछ।संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (CITES) अन्तर्गतको पूर्ण रुपले संकलन र व्यापारमा प्रतिबन्ध लगाईएका जीवहरुको सुची भएको अनुसूची -१ मा सालकका दुवै प्रजाति समावेश छन्।सालकको खपटाको लागि हुने चोरीशिकार र अवैध व्यापारले सालक प्रजाति संकटमा परेको छ।

## सालक संरक्षणको लागि कानूनी व्यवस्था

सन् २०१७ मा भएको संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (CITES)को १७औं सम्मेलनले सालकका सबै प्रजातिहरूलाई अनुसूची-१ अन्तर्गत सूचिकृत गरेको हो। सालक संरक्षणको अन्तर्राष्ट्रिय पहलमा जोड गर्न नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले "नेपालका लागि सालक संरक्षण कार्ययोजना (२०१८-२०२२)" बनाई सालक संरक्षणका कार्यलाई एकीकृत र योजनाबद्धरुपमा अघि बढाई दिगो संरक्षणकोलागि विभिन्न निकायको सहकार्यलाई जोड दिँदै मार्गदर्शन प्रदान गरेको छ।नेपालमा सालक सहित विभिन्न संकटापन्न वन्यजन्तुको संरक्षण गर्न विभिन्न कानूनी व्यवस्थाहरू रहेका छन्। वन ऐन २०७६ खण्ड ४९ (त) अन्तर्गत शिकार खेल्ने, वन्यजन्तु आखेटोपहार राख्ने, ओसारपोसार गर्ने वा बिक्रीवितरण गर्ने काम गरे प्रचलित कानुन अनुरुप कारबाही हुने व्यवस्था छ।



राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (२) अन्तर्गत संरक्षित वन्यजन्तु (अनुसूची -१ अन्तरगत सालक सहितका २७ प्रजातिका वन्यजन्तु) मार्ने, घाइते बनाउनेलाई १ लाख देखि ५ लाख सम्म जरिवाना वा एक वर्ष देखि १० वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था रहेको छ। साथै दफा २५(१) अनुसार संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउने व्यक्तिको सुराक लगाई पक्राउ गराईदिने व्यक्तिलाई रु. २५०००/- सम्मको नगद पुरस्कार दिने व्यवस्था रहेको छ ।

संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरांष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २०(क) अन्तर्गत दुर्लभ बन्यजन्तु सम्बन्धि कसुर गर्नेलाई कसुर को मात्रा अनुसार ५ देखि १५ वर्षसम्म कैद वा ५ लाख देखि १० लाख रुपैया सम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ।नेपाल सरकार अन्तरगत वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग र मातहतका कार्यालय, नेपाल प्रहरी, केन्द्रिय अनुसन्धान ब्युरो, भन्सार विभाग, सशस्त्र प्रहरीबल, राष्ट्रिय प्रकृति संरक्षण कोष, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी, आदि र महत्वपूर्ण रुपमा समुदाय स्तरमा काम गर्ने विभिन्न संस्था जस्तै सामुदायिक वन, स्थानीय निकायहरूको समन्वय र सहकार्यमा सालक संरक्षणका विभिन्न कार्यहरू भईरहेका छन् ।

